नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४६ अङ्क ६ फागुन २०७८ फेब्रुअरी-मार्च २०२२

# साइकोमेट्रिक स्कोरिङसम्बन्धी समझदारी



नेपाल राष्ट्र बैंक र अन्तर्राष्ट्रिय वित्त निगम (आईएफसी) बीच नेपालको वित्तीय क्षेत्रमा व्यक्तिगत क्षमता, व्यवहार, शैली र योग्यता मापनमा आधारित रहेर सम्भावित ऋणीको मूल्याङ्कन गर्ने विधि (साइकोमेट्रिक स्कोरिङ सोलुसन) को परीक्षणका लागि एक समझदारी भएको छ ।

माघ १८ गते गभर्नरको कार्यालयमा आयोजित एक कार्यक्रमका बीच उक्त समझादारीपत्रमा हस्ताक्षर भएको हो । वित्तीय प्रणालीमा कर्जा वितरणलाई प्रविधिसँग सामञ्जस्य कायम गरी नयाँ ढङ्गले प्रस्तुत हुने साइकोमेट्रिक स्कोरिङले प्रणालीलाई थप प्रविधिमैत्री बनाई सहज, सरल र जोखिममुक्त कर्जा प्रवाहलाई प्रवर्द्धन गर्ने अपेक्षा लिइएको छ ।

व्यक्तिगत क्षमता, व्यवहार, शैली र योग्यता मापनका रूपमा डिजिटल वित्तीय सेवालाई प्रवर्द्धन गर्ने उद्देश्यले उक्त नवप्रवर्तन विधिको परीक्षण चरणका लागि गभर्नर महाप्रसाद अधिकारीको उपस्थितिमा लघुवित्त संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक सुमनकुमार अधिकारी र आईएफसी नेपालका आवासीय प्रतिनिधि बाबाकार सेदिख फायेले समझदारी पत्रमा हस्ताक्षर गर्नुभयो । जापान सरकार र संयुक्त अधिराज्य (बेलायत) सरकारसँगको साझेदारीमा नेपालको वित्तीय प्रणालीमा उक्त विधि दुई वर्ष अवधिको लागि परीक्षण गर्न लागिएको हो ।

यस विधिमार्फत लघु तथा खुद्रा कर्जा लिने व्यक्ति तथा लघु, साना र मझौला उद्यमहरूलाई औपचारिक वित्तीय सेवाको दायरामा ल्याउने अपेक्षा गरिएको छ । यसले बैंक तथा वित्तीय संस्थालाई सम्भावित ऋणीको व्यक्तित्व र मनोवैज्ञानिक विशेषताको तथ्याङ्कीय विश्लेषणका आधारमा जोखिम प्रोफाइल तयार गर्न सक्षम बनाई औपचारिक वित्तीय सेवामा समाहित हुन सेवाग्राहीलाई ऋण उपभोग गर्न आकर्षित र सरल बनाउने अपेक्षा राखिएको छ । यसबाट विगतमा वित्तीय सेवाको पहुँच नपुगेका सेवाग्राहीमा वित्तीय सेवा विस्तारमा समेत सहज हुने विश्वास लिइएको छ ।

कार्यक्रममा गभर्नर अधिकारीले नेपालको वित्तीय क्षेत्र सुदृढीकरणमा आईएफसी र राष्ट्र बैंकबीच विगतदेखि नै सहकार्य हुँदै आएको उल्लेख गर्दै नयाँ समझदारीको कार्यान्वयनबाट लघुकर्जा व्यवस्थापनलाई



प्रविधिमैत्री बनाउने विश्वास व्यक्त गर्नुभयो । आईएफसीका आवासीय प्रतिनिधि फायेले सहकार्य गर्ने अवसर प्रदान गरेकोमा राष्ट्र बैंकलाई धन्यवाद दिँदै उक्त समझदारीले वित्तीय पहुँच विस्तारमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्र, कार्यकारी निर्देशकहरू डा. नेफिल मातङ्गि मास्के र देवकुमार ढकाललगायत बैंकका अन्य अधिकारीहरूको उपस्थिति थियो ।

# भुक्तानी प्रणालीमा अन्तरआबद्धतासम्बन्धी निर्देशन

नेपाल राष्ट्र बैंकले भुक्तानी कारोबारमा अवलम्बन भएका प्रणाली, संयन्त्र र उपकरणलाई एकअर्काबीच अन्तरआबद्धता कायम गर्न अनुमतिप्राप्त संस्थाहरूलाई नयाँ निर्देशन जारी गरेको छ । भुक्तानी प्रणाली विभागले माघ २१ गते एक परिपत्र जारी गर्दै भुक्तानी सेवालाई सर्वसुलभ बनाई सर्वसाधारणको पहुँच विस्तार तथा जोखिम व्यवस्थापन गर्ने उद्देश्यले यस्तो निर्देशन दिएको जनाएको छ । यो व्यवस्था छ महिनाभित्र कार्यान्वयन गर्नुपर्नेछ ।

बैंकबाट अनुमतिप्राप्त भुक्तानी प्रणाली सञ्चालक र भुक्तानी सेवा प्रदायकबाट सञ्चालित साना मूल्यका भुक्तानी सेवा (मोबाइल बैंकिङ, मोबाइल वालेट, क्यूआर कोड आदि), साना मूल्यका भुक्तानी प्रणालीमा आबद्ध अन्य संस्थाको निम्ति यो व्यवस्था लागू हुनेछ ।

अनुमतिप्राप्त संस्थाले अन्तरआबद्धता कायम गर्दा एकआपसमा सम्झौता गर्न सक्ने परिपत्रमा उल्लेख छ । त्यसको निम्ति बैंकले आवश्यक मापदण्डसमेत निर्धारण गरेको छ । विशेष प्रकृतिका अन्य उपकरणलाई अनिवार्य रूपमा अन्तरआबद्ध गर्नेगरी निर्देशन दिइएमा सोहीबमोजिम अन्तरआबद्धता कायम गराउनुपर्ने परिपत्रमा उल्लेख छ ।

बैंकको परिपत्रअनुसार, भुक्तानी कारोबारको अनुमतिप्राप्त संस्थाले अर्को कुनै संस्थालाई आफ्नो भुक्तानी प्रणालीमा पहुँच रोक्ने गरी नियम बनाउन वा प्रविधिको प्रयोगमा रोक लगाउन पाउने छैन । तथापि त्यस्तो पहुँचका कारण प्रणालीमा जोखिम आउन सक्ने वा प्रणालीको सुरक्षामा नकारात्मक असर पर्ने पर्याप्त आधार देखिएमा अनुमतिप्राप्त संस्थाले निश्चित समयको निम्ति रोक लगाउन सक्नेछ । त्यसरी पहुँचमा रोक लगाइएको जानकारी बैंकलाई दिनुपर्नेछ ।

भुक्तानी प्रणाली सञ्चालकले भुक्तानी सेवा प्रदायक, अन्य भुक्तानी प्रणाली सञ्चालक वा भुक्तानी सेवा प्रयोगकर्तालाई अन्य भुक्तानी प्रणालीमा प्रतिबन्ध लगाउन, आपसमा विभेद हुने गरी नियम बनाउन वा संस्थाको आकार वा कारोबारको आधारमा पहुँच रोक्ने कार्य गर्न प्रतिबन्ध लगाइएको छ । भुक्तानी प्रणाली सञ्चालक र भुक्तानी सेवा प्रदायकले अन्तरआबद्धतासम्बन्धी सेवा दिँदा सेवाग्राहीबाट प्राप्त हुने तथ्याङ्कको सुरक्षा र गोपनीयता कायम गर्नुपर्नेछ । साथै, तोकिएको सेवा प्रवाह गर्दाबाहेक अन्यत्र त्यस्तो तथ्याङ्कको प्रयोग नहुने सुनिश्चितता गर्नसमेत बैंकले निर्देशन दिएको छ ।

# शाखारहित बैंकिङ सेवासम्बन्धी व्यवस्था

**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**भुक्तानी प्रणाली विभाग**

*पत्रसंख्या: भु.प्र.वि./नीति/परिपत्र/०३/०७८/७९*

भुक्तानी सम्बन्धी कार्य गर्ने अनुमतिप्राप्त सबै संस्थाहरु

**शाखारहित बैंकिङ्ग सेवा तथा आधिकारिक प्रतिनिधि सम्बन्धी व्यवस्था**

यस बैंकबाट अनुमतिपत्रप्राप्त संस्थाहरूलाई शाखारहित बैंकिङ्ग सेवा तथा आधिकारिक प्रतिनिधि सम्बन्धमा देहाय बमोजिमको नीतिगत एवम् प्रक्रियागत व्यवस्था गरिएकोले सोहीबमोजिम गर्नु गराउनु हुन भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी देहायको निर्देशन जारी गरिएको छ।

१. **शाखारहित बैंकिङ्ग सेवा (Branchless Banking) सम्बन्धमा**

(१) बैंक तथा वित्तीय संस्थाले संस्था स्वयम् वा संस्थाद्वारा नियुक्त व्यावसायिक आधिकारिक प्रतिनिधि (एजेन्ट) मार्फत समेत शाखारहित बैंकिङ्ग सेवा सञ्चालन गर्न सक्नेछन्।

(२) बैंक तथा वित्तीय संस्थाले शाखारहित बैंकिङ सेवा सञ्चालन गर्दा यस बैंकको भुक्तानी प्रणाली विभागलाई जानकारी दिनुपर्नेछ।

नेपाल राष्ट्र बैंकले शाखारहित बैंकिङ सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन नयाँ नीतिगत व्यवस्था गरेको छ। भुक्तानी प्रणाली विभागले माघ २१ गते एक परिपत्रमार्फत शाखारहित बैंकिङ सेवा, वित्तीय संस्था र ग्राहकबीचको सम्झौता, आधिकारिक प्रतिनिधि, तेस्रो पक्ष सेवा प्रदायकको प्रयोगलगायतका व्यवस्था गरेको छ। उक्त व्यवस्थाअनुसार, बैंक तथा वित्तीय संस्थाले आफू स्वयम् वा व्यावसायिक आधिकारिक प्रतिनिधि (एजेन्ट) मार्फत शाखारहित बैंकिङ सेवा सञ्चालन गर्न सक्नेछन्।

बैंक तथा वित्तीय संस्थाले प्वाइन्ट अफ ट्रान्जेक्सन मेसिनको माध्यमबाट कार्ड प्रयोग गरी महानगर/उपमहानगरपालिकाबाहेकका क्षेत्रमा नगद जम्मा गर्ने, भुक्तानी दिने, रकमान्तर गर्ने, मौज्दात वा स्टेटमेन्ट दिने, स्वीकृत कर्जा रकम भुक्तानी दिने र किस्ता रकम जम्मा गर्न सक्ने व्यवस्था गरिएको छ। शाखारहित बैंकिङ सेवा सञ्चालनको निम्ति सञ्चालक समितिबाट सोसम्बन्धी नीतिगत व्यवस्था पारित गर्नुपर्नेछ।

शाखारहित बैंकिङ सेवा सञ्चालन गर्न बैंक तथा वित्तीय संस्थाले इच्छुक ग्राहकसँग लिखित आवेदन लिनुपर्ने, कारोबारको अभिलेख सुरक्षित राख्नुपर्ने, गोपनीयता कायम गर्नुपर्ने, नेपाली रुपैयाँमा मात्र कारोबार गर्नुपर्ने, प्रचलित कानुन, राष्ट्र बैंकबाट जारी भएका निर्देशनको पालना गर्नुपर्नेछ। बैंक तथा वित्तीय संस्था र ग्राहकबीच हुने सम्झौताको निम्ति विभिन्न सर्तहरू निर्धारण गरिएको छ। जसअनुसार सम्झौता स्पष्ट र दोहोरो अर्थ नलाग्नेगरी नेपाली वा अङ्ग्रेजी भाषामा लेखिएको हुनुपर्नेछ। साथै शुल्क, वेबसाइटको प्रयोग, पीओएस/पीओटी मेसिन, आईडी, पासवर्ड परिवर्तन, गोपनीयता, सेवा निष्क्रिय हुने वा नहुने विषय सम्झौतामा उल्लेख गर्नुपर्नेछ।

यसै गरी, बैंक तथा वित्तीय संस्था, आधिकारिक व्यावसायिक प्रतिनिधि र ग्राहकको क्षेत्राधिकार, काम, कर्तव्य र उत्तरदायित्व, ग्राहकबाट प्राप्त शुल्क वा आयको बाँडफाँड, सेवामा आउने अवरोधको निम्ति आकस्मिक योजना, गुनासो सुनुवाई र विवाद समाधानको अन्तिम जिम्मेवारीजस्ता विषय, नियामकीय सुपरिवेक्षणअन्तर्गत आवश्यक सूचना र विवरण उपलब्ध गराउने जस्ता विषय सम्झौतामा उल्लेख हुनुपर्ने परिपत्रमा उल्लेख छ।

शाखारहित बैंकिङ सेवाको निम्ति प्रतिनिधि छनोटमा सक्षमतासम्बन्धी आवश्यक परीक्षण गर्नुपर्ने व्यवस्था गरिएको छ। नयाँ व्यवस्थाअनुसार शाखारहित बैंकिङ कारोबारका लागि आवश्यक प्राविधिक सेवा उपयोग गर्न त्यस्तो सेवा प्रदान गर्ने तेस्रो पक्षसँग अलग्गै सम्झौता गर्नुपर्नेछ। शाखारहित बैंकिङ सेवा बन्द गर्न राष्ट्र बैंकको स्वीकृति लिनुपर्ने व्यवस्था गरिएको छ।

**आधिकारिक प्रतिनिधिसम्बन्धी व्यवस्था**

बैंक तथा वित्तीय संस्थाबाहेकका भुक्तानी सेवा प्रदायक संस्थाले आधिकारिक प्रतिनिधिमार्फत भुक्तानीसम्बन्धी सेवा दिनसक्ने व्यवस्था राष्ट्र बैंकले गरेको छ। यसरी प्रतिनिधि छनोटको लागि सक्षमता परीक्षण गरी दुई पक्षबीच सम्झौता भएको हुनुपर्नेछ। त्यस्तो आधिकारिक प्रतिनिधिले आवश्यकताअनुसार सब-एजेन्ट नियुक्त गर्न सक्नेछ। त्यसको निम्ति आधिकारिक प्रतिनिधि र सब-एजेन्टबीच सम्झौता हुनुपर्ने व्यवस्था गरिएको छ।

आधिकारिक प्रतिनिधि वा सब-एजेन्टमार्फत भुक्तानी सेवा सञ्चालन गर्न भुक्तानी सेवा प्रदायक संस्थाको सञ्चालक समितिबाट नीतिगत व्यवस्था गर्नुपर्नेछ। आधिकारिक प्रतिनिधि वा सब-एजेन्टद्वारा ग्राहकलाई प्रदान गरिने भुक्तानी सेवाको अन्तिम जिम्मेवारी भुक्तानी सेवा प्रदायक संस्थाको हुनेछ। संस्थाले नियुक्त गर्ने आधिकारिक प्रतिनिधि वा सब-एजेन्टले वालेट, प्रिपेड कार्डलगायतका भुक्तानी उपकरणमा नगद जम्मा गर्ने वा भुक्तानी दिने, वालेटमार्फत भुक्तानी वा रकमान्तर कार्य गर्ने, वालेट वा उपकरणको कारोबार विवरण वा मौज्दात प्रदान गर्ने, विद्युतीय ग्राहक विवरण लिने र अद्यावधिक गर्ने, सरकारी सेवा तथा करको भुक्तानी लिने/दिनेलगायतका सेवा प्रदान गर्न सक्नेछन्। यस्तो सेवामा कुनै शुल्क लिन नपाइने व्यवस्था गरिएको छ।

# एकीकृत परिपत्र र विनियमावलीमा संशोधन

नेपाल राष्ट्र बैंकले विदेशी विनिमय कारोबार गर्ने इजाजतपत्रप्राप्त निकायको निम्ति जारी गरिएको 'एकीकृत परिपत्र-२०७८' र 'विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८' मा संशोधन गरेको छ।

विदेशी विनिमय व्यवस्थापन विभागद्वारा माघ ९ गते जारी संशोधित व्यवस्थाअनुसार निर्यातकर्तालाई विदेशी मुद्रामा कर्जा उपलब्ध गराउँदा ब्याज निर्धारणको 'एक वर्षे लाइबोर दर'सम्बन्धी व्यवस्थालाई खारेज गरेर 'एक वर्षे बेञ्चमार्क दर' सम्बन्धी व्यवस्था लागू गरिएको छ। नयाँ व्यवस्थाअनुसार उक्त कर्जामा बढीमा 'एक वर्षे बेञ्चमार्क ब्याज' दरमा अधिकतम १.७५ प्रतिशत कायम गरी हुन आउने दरले ब्याज लिन सकिनेछ। यसअघि 'एक वर्षे लिबोर दर' मा अधिकतम १.२५ प्रतिशत थप गरी कायम हुने दरले ब्याज गणना गर्न सकिने व्यवस्था थियो।

उक्त कर्जाकै प्रयोजनको निम्ति 'एक वर्षे बेञ्चमार्क ब्याज' दरमा ०.७५ प्रतिशत थप गरी कायम हुने ब्याजदरमा बैंक तथा वित्तीय संस्थालाई राष्ट्र बैंकले पुनरकर्जा उपलब्ध गराउने व्यवस्था गरिएको छ। लिबोर दरमा ०.२५ प्रतिशतका आधारमा यस्तो सुविधा दिइने व्यवस्था थियो।

यसै गरी, बैंकले 'विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८' को अनुसूची-१० मा संशोधन गरेको छ। विनियमावलीको विनियम ७ बमोजिम नेपाल बाहिरबाट भारतीय मुद्रा वा परिवर्त्य विदेशी मुद्रामा ऋण लिनेसम्बन्धी अनुसूचीको व्यवस्था संशोधन गरिएको छ।

संशोधित व्यवस्थाअनुसार फर्म, कम्पनी, उद्योग वा बैंक तथा वित्तीय संस्थाबाहेकका संस्थाले विदेशस्थित बैंक तथा वित्तीय संस्था, विदेशको सरकार, केन्द्रीय बैंक वा अन्य निकायबाट बढीमा 'एक वर्षे बेञ्चमार्क दर'मा वार्षिक छ प्रतिशत ब्याजदरमा विदेशी मुद्रामा ऋण लिन सक्नेछन्। यस्तो ऋणमा सीमा तोकिएको छैन। यसै गरी, विदेशस्थित नातेदार, अन्य व्यक्ति, गैरआवासीय नेपाली वा संघ/संस्थाबाट निर्ब्याजी वा 'एक वर्षे बेञ्चमार्क दर'मा वार्षिक दुई प्रतिशत थप गरी विदेशी मुद्रामा ऋण लिन पाउने व्यवस्था गरिएको छ।

यसै गरी, विदेशी लगानी भएका उद्योग/कम्पनीले बाह्य कम्पनी/उद्योगका विदेशी लगानीकर्ताबाट चुक्ता पुँजी/सेयर पुँजीमा गरेको लगानी वा खुद सम्पत्तिको शतप्रतिशतसम्म ऋण लिन पाउनेछन्। यसको ब्याजदर 'एक वर्षे बेञ्चमार्क दर'मा वार्षिक ३.५ प्रतिशत थप भई निर्धारण हुनेछ। यस्तो ऋणको भुक्तानी अवधि न्यूनतम छ महिनादेखि अधिकतम १५ वर्षसम्म तोकिएको छ। साथै, बैंक तथा वित्तीय संस्थाले विदेशी बैंक, वित्तीय संस्थासँगै नियामक निकायबाट स्वीकृतप्राप्त पेन्सन फण्ड, हेज फण्डलगायतका संस्थाबाट 'एक वर्षे बेञ्चमार्क दर' वार्षिक ४.५ प्रतिशत थपपश्चात् निर्धारण हुने ब्याजदरमा ऋण भित्र्याउन सक्ने व्यवस्था गरिएको छ।

# अध्यक्ष पौडेलद्वारा गभर्नर अधिकारीसमक्ष शपथ ग्रहण

नबिल बैंक लिमिटेडका नवनिर्वाचित अध्यक्ष उपेन्द्रप्रसाद पौडेलले गभर्नर महाप्रसाद अधिकारीसमक्ष माघ ६ गते पद तथा गोपनीयताको शपथ लिनुभएको छ। शपथ ग्रहणपछि गभर्नर अधिकारीले अध्यक्ष पौडेललाई सफल कार्यकालको निम्ति शुभकामना दिनुभयो।

नबिल बैंक लिमिटेड सञ्चालक समितिको पुस ३० गते बसेको ५८८ औं बैठकले पौडेललाई अध्यक्ष चयन गरेको थियो। अध्यक्षको कार्यकाल चार वर्ष हुने प्रावधान छ।

बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा १४ (५) मा सञ्चालकमध्ये बहुमतबाट छानिएको व्यक्ति सञ्चालक समितिको अध्यक्ष हुने व्यवस्था छ। सोही



ऐनको दफा १२७ मा बैंक तथा वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्षले राष्ट्र बैंकसमक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्ने व्यवस्था छ।

# AML/CFT सम्बन्धी अन्तरक्रिया




बैंक सुपरिवेक्षण विभागले पुस २८ गते विगतमा AML/CFT सँग सम्बन्धित विशेष लक्षित स्थलगत निरीक्षणबाट देखिएका कैफियतका सम्बन्धमा सबै वाणिज्य बैंक र नेपाल पूर्वाधार विकास बैंकका अनुपालना अधिकृतहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

भर्चुअल माध्यममा आयोजित उक्त अन्तरक्रियामा बैंक सुपरिवेक्षण विभागसँगै बैंक तथा वित्तीय संस्था नियमन विभाग, विदेशी विनिमय व्यवस्थापन विभाग, भुक्तानी प्रणाली विभाग र वित्तीय जानकारी इकाईका अधिकारीहरूको समेत सहभागिता थियो । सो अवसरमा विभागका सहायक निर्देशक अभियान उपाध्यायले विभागले विगतमा गरेको AML/CFT विशेष लक्षित स्थलगत निरीक्षणमा देखिएका कैफियतका सम्बन्धमा जानकारी दिनुभयो । त्यस क्रममा उहाँले वाणिज्य बैंक र नेपाल पूर्वाधार विकास बैंकका AML/CFT कार्यान्वयनमा देखिएका कमजोरीको चर्चा गर्दै त्यसको निवारणबारे प्रकाश पार्नुभयो ।

कार्यक्रममा विभागका निर्देशक रोशनकुमार सिग्देलले स्वागत मन्तव्य राख्दै वाणिज्य बैंक र नेपाल पूर्वाधार विकास बैंकको सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापसम्बन्धी जोखिम मूल्याङ्कन गरी जोखिममा आधारित सुपरिवेक्षणको सुरुआत गरिएको जानकारी दिनुभयो । निर्देशक सिग्देलसँगै भुक्तानी प्रणाली विभागका निर्देशक निश्चल अधिकारी, बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक बुद्धराज शर्मा र विदेशी विनिमय व्यवस्थापन विभागका उप-निर्देशक सचिनराज पियाले सहभागीका जिज्ञासाको जवाफ दिनुभयो ।

कार्यक्रममा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले समापन मन्तव्य राख्दै कार्यक्रम उपयोगी भएको धारणा राख्नुभयो । विभागका उप-निर्देशक गेदा पंगेनीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागको स्थापना

गैरबैंकिङ वित्तीय कारोबार गर्न इजाजतपत्रप्राप्त संस्था र कम्पनीको निरीक्षण तथा सुपरिवेक्षणको निम्ति 'गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग' स्थापना गरिएको छ ।

नेपाल राष्ट्र बैंक व्यवस्थापन समितिको २०७८ माघ १३ गतेको निर्णयअनुसार फागुन १ देखि लागू हुने गरी उक्त विभाग स्थापना भएको जानकारी संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागले दिएको छ । उक्त विभागलाई विदेशी विनियम कारोबार गर्न इजाजतपत्रप्राप्त संस्था, हायर पर्चेज कारोबार गर्ने कम्पनी, हाइड्रो इलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी र राष्ट्रिय सहकारी बैंक लिमिटेडको निरीक्षण, सुपरिवेक्षण र अनुगमनलगायतका सुपरिवेक्षकीय कार्य गर्ने जिम्मेवारी दिइएको छ ।

यसैबीच, 'विकास बैंक सुपरिवेक्षण विभाग' र 'वित्त कम्पनी सुपरिवेक्षण विभाग'लाई एकीकृत गरी 'वित्तीय संस्था सुपरिवेक्षण विभाग' स्थापना गरिएको छ । व्यवस्थापन समितिको फागुन ११ गतेको बैठकको निर्णयबाट उक्त विभाग स्थापना भएको जनाइएको छ ।

यसै गरी, २०७८ माघ १ देखि लागू हुनेगरी सूचना प्रविधि महाशाखालाई सूचना प्रविधि विभागमा स्तरोन्नति गरिएको छ ।

# क्यासिनो व्यवसायीसँग अन्तरक्रिया




वित्तीय जानकारी इकाईले माघ ३ गते सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणमा क्यासिनोको भूमिका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

भर्चुअल माध्यममा आयोजित अन्तरक्रियामा नेपाल क्यासिनो एसोसिएसन, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभागका प्रतिनिधिसँगै इकाईका कर्मचारीहरूको सहभागिता थियो ।

सो अवसरमा इकाईका उप-निर्देशक स्वरूप श्रेष्ठ र सहायक (सु.प्र.) दीपक पराजुलीले क्रमशः 'AML/CFT in Casino Sector' र 'SAR/STR/TTR Reporting in goAML' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यक्रममा इकाईका प्रमुख दीर्घबहादुर रावलले स्वागत मन्तव्य राख्दै गैरवित्तीय पेसाकर्मी तथा व्यवसायीमध्ये क्यासिनो क्षेत्रलाई राष्ट्रिय जोखिम मूल्याङ्कन, २०२० को प्रतिवेदनले समेत मध्यम-उच्च जोखिमको रूपमा मूल्याङ्कन गरेकाले यसप्रति सजग रहन क्यासिनो व्यवासायीलाई आग्रह गर्नुभयो । साथै, शङ्कास्पद कारोबार/गतिविधि तथा सीमा कारोबारका प्रतिवेदन वित्तीय जानकारी इकाईमा रिपोर्टिङ गर्नसमेत उहाँले आह्वान गर्नुभयो ।

सो अवसरमा पर्यटन विभागका महानिर्देशक तारानाथ अधिकारीले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणमा इकाईको अग्रसरताप्रति प्रशंसा गर्दै कार्यक्रम सफलताको शुभकामना दिनुभयो भने अर्थ मन्त्रालयका प्रतिनिधि डा. हरिकुमार नेपालले आफ्नो धारणा राख्नुभएको थियो ।

इकाईका सहायक निर्देशक अमिश शर्मा र सहायक (सु.प्र.) विवेश पोखरेलले कार्यक्रम सहजीकरण गर्नुभएको थियो ।

# पोखरा कार्यालयमा ज्ञान आदानप्रदान कार्यक्रम




पोखरा कार्यालयले पुस २९ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशक तुलसीप्रसाद घिमिरेको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा उक्त कार्यालयका कर्मचारीहरूको सहभागिता थियो ।

सो अवसरमा कार्यकारी निर्देशक घिमिरेले 'नेपाल राष्ट्र बैंकमा जनशक्ति संरचना र जनशक्ति विकास योजना'बारे संक्षिप्त वार्ता प्रस्तुत गर्दै जनशक्ति व्यवस्थापनलाई थप कुशल र प्रभावकारी बनाउने उपायबारे चर्चा गर्नुभयो । उहाँले बैंकका कर्मचारीले पदीय मर्यादा कायम गर्नुका साथै अनुशासन र आचरण सुधार गर्नुपर्ने आवश्यकतामा समेत जोड दिनुभयो । कार्यक्रममा पोखरा कार्यालयका निर्देशक डा. रामशरण खरेलले कार्यालयको विद्यमान जनशक्ति र वार्षिक कार्यप्रगतिबारे प्रकाश पार्नुभएको थियो ।

# सुर्खेतमा सहुलियतपूर्ण कर्जासम्बन्धी अनुशिक्षण




सुर्खेत कार्यालयले पुस २९ गते सहुलियतपूर्ण कर्जा, पुनरकर्जा एवम् बैंक तथा वित्तीय संस्थाको संस्थागत सामाजिक उत्तरदायित्व विषयमा अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

कार्यालयका प्रमुख विनय सिग्देलको अध्यक्षता र बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक देवकुमार ढकालको प्रमुख आतिथ्यमा उक्त कार्यक्रम आयोजना गरिएको हो । सो अवसरमा कार्यकारी निर्देशक ढकालले सहुलियतपूर्ण कर्जा, पुनरकर्जा एवम् बैंक तथा वित्तीय संस्थाको संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी नीतिगत व्यवस्थाबारे चर्चा गर्दै मुनाफामा मात्र केन्द्रित नभई संस्थागत सामाजिक उत्तरदायित्वको भूमिकाप्रति जिम्मेवार रहन वित्तीय संस्थाको ध्यानाकर्षण गराउनुभयो ।

कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रदेश प्रमुख, उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, बैंकर्स एसोसियसनका प्रतिनिधिसँगै उद्योगी व्यवसायीलगायतको सहभागिता थियो । सो अवसरमा सहभागीहरूबीच सहुलियतपूर्ण कर्जा र पुनरकर्जामा देखिएका समस्या र यसको प्रभावकारिताका विषयमा छलफल भएको थियो ।

कार्यक्रममा सुर्खेत कार्यालयका प्रमुख सिग्देलले सहुलियतपूर्ण कर्जा र पुनरकर्जा साना उद्यमीलाई समेत उपलब्ध हुनुपर्ने आवश्यकता औंल्याउदै सामाजिक उत्तरदायित्वको प्रभावकारी कार्यान्वयनमा

## कायममुकायम मुकर्रर

सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका निर्देशक विमलराज खनाल २०७८ फागुन १ देखि लागू हुनेगरी कार्यकारी निर्देशक पदमा कायममुकायम मकुर्रर हुनुभएको छ । उहाँलाई गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागको जिम्मेवारी दिइएको छ ।

# हलेसीमा धार्मिक पर्यटनसम्बन्धी अन्तरक्रिया

विराटनगर कार्यालयले पुस २९ गते 'प्रदेश नं. १, खोटाङ जिल्लाको हलेसीमा धार्मिक पर्यटनको स्थिति, सम्भाव्यता तथा चुनौतीहरू' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

विराटनगर कार्यालयका निर्देशक मीना पाण्डेको सभापतित्व तथा हलेसी तुवाचुङ नगरपालिकाका प्रमुख इवन राईको प्रमुख आतिथ्यमा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको हो । सो अवसरमा सहायक निर्देशक निर्जल घिमिरेले विराटनगर कार्यालयद्वारा तयार गरिएको धार्मिक पर्यटकीय सम्भावनासम्बन्धी प्रारम्भिक प्रतिवेदनको विषयवस्तुबारे जानकारी गराउनुभयो । कार्यक्रममा स्थानीय जनप्रतिनिधि, हलेसी विकास समिति र मन्दिर व्यवस्थापन समितिका प्रतिनिधि, शिक्षक, होटल व्यवसायी, यातयात व्यवसायी,



बैंक तथा वित्तीय संस्थाका, सुरक्षा निकायका प्रतिनिधि, सञ्चारकर्मीलगायतको सहभागिता थियो । अध्ययनको अन्तिम प्रतिवेदनको निम्ति सहभागीबाट सुझाव सङ्कलनसमेत गरिएको थियो ।

कार्यालयका उप-निर्देशक अमृतबहादुर बुढाथोकीले स्वागत मन्तव्य राख्नै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने प्रधान सहायक अशोक रेग्मीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# गभर्नरको कार्यालयद्वारा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना

गभर्नरको कार्यालयले माघ २८ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । भर्चुअल माध्यममार्फत आयोजित कार्यक्रममा विदेशी विनिमय व्यवस्थापन विभागका उप-निर्देशक सचिनराज पियाले क्रिप्टोकरेन्सी र यसका विविध पक्षबारे कार्यपत्र प्रस्तुत गर्नुभयो ।

यस क्रममा उप-निर्देशक पियाले मुद्राको विद्युतीय स्वरूप, क्रिप्टोकरेन्सीको पृष्ठभूमि र यसको प्रयोग, कारोबारको प्रकृति, यसको मूल्यमा देखिएको उतारचढाव, क्रिप्टोकरेन्सीको कारोबारका जोखिम, सुरक्षाको चुनौतीसँगै नियमनको अन्तर्राष्ट्रिय अभ्यासबारे चर्चा गर्नुभयो । साथै, उहाँले नेपालमा क्रिप्टोकरेन्सीको कारोबारको प्रतिबन्धित अवस्था, कानुनी प्रावधान, अर्थतन्त्रमा यसले गर्ने असर र भावी कार्यदिशाबारे जानकारी दिनुभयो । कार्यक्रममा विभिन्न विभाग/कार्यालय/प्रदेशस्थित कार्यालयका दुई सयभन्दा बढी कर्मचारीको सहभागिता थियो ।

कार्यक्रममा विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक रामु पौडेलले कार्यक्रमको सन्दर्भ र विषयवस्तुबारे प्रकाश पार्नुभयो । गभर्नरको कार्यालयका निर्देशक नारायणप्रसाद पोखेलले धन्यवाद ज्ञापनसहित समापन मन्तव्य राख्नुभयो भने उप-निर्देशक डा. भागवत आचार्यले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# सरुवा/पदस्थापन

वित्त कम्पनी सुपरिवेक्षण विभागका कार्यकारी निर्देशकहरू पिताम्बर भण्डारी र प्रदीपराज पौड्यालको सरुवा भएको छ । फागुन १ देखि लागू हुनेगरी उहाँहरूको क्रमशः वित्तीय संस्था सुपरिवेक्षण विभाग र सूचना प्रविधि विभागमा सरुवा भएको जानकारी जनशक्ति व्यवस्थापन विभागले दिएको छ ।

माघ १९ गतेको निर्णयअनुसार विभिन्न विभाग/कार्यालयका सात जना कर्मचारीको गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागमा सरुवा भएको छ । यसरी सरुवा हुनेमा बैंकिङ विभागका निर्देशक वीरेन्द्रदत्त अवस्थी, मुद्रा व्यवस्थापन विभागका उप-निर्देशक मनोज पोखरेल, जनकपुर कार्यालयका उप-निर्देशक विष्णुप्रसाद गुरागाईं, वित्त कम्पनी सुपरिवेक्षण विभागका सहायक निर्देशक रामकृष्ण राई, विदेशी विनिमय व्यवस्थापन विभागका प्रधान सहायक टीकाराम ढकाल र गभर्नरको कार्यालयका कार्यालय सहयोगी (प्रथम) गायत्री सापकोटा हुनुहुन्छ ।

यसै गरी, माघ २३ गतेको निर्णयअनुसार विभिन्न विभाग/कार्यालयका १० जना निर्देशकहरूको सरुवा तथा पदस्थापन भएको छ । जसअनुसार लघुवित्त संस्था सुपरिवेक्षण विभागका रामप्रसाद गौतम वित्त व्यवस्थापन विभाग, विकास बैंक सुपरिवेक्षण विभागका चेतप्रसाद उप्रेती र राजनविक्रम थापा क्रमशः सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग र वित्तीय संस्था सुपरिवेक्षण विभाग, वित्त व्यवस्थापन विभागका केशवबहादुर केसी लघुवित्त संस्था सुपरिवेक्षण विभाग र वित्त कम्पनी सुपरिवेक्षण विभागका रमेश आचार्य वित्तीय संस्था सुपरिवेक्षण विभागमा सरुवा भएको छ ।

माघ २६ को निर्णयअनुसार विभिन्न विभाग/कार्यालयका ५० जना उप-निर्देशकहरूको सरुवा तथा पदस्थापन भएको छ । जसअनुसार संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागका ऋषिराम बराल वित्तीय संस्था सुपरिवेक्षण विभाग र विकास बैंक सुपरिवेक्षण विभागका कमलप्रकाश कालाथोकी बैंकर्स प्रशिक्षण केन्द्र, लघुवित्त संस्था सुपरिवेक्षण विभागका प्रह्लाद गिरी आर्थिक अनुसन्धान विभाग र पदमराज रेग्मी गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग, बैंक सुपरिवेक्षण विभागका विना ढकाल (पौडेल) मुद्रा व्यवस्थापन विभाग, बैंक तथा वित्तीय संस्था नियमन विभागका केदारप्रसाद पोखरेल आन्तरिक लेखापरीक्षण विभाग, रवीन्द्र महर्जन आर्थिक अनुसन्धान विभाग र गंगा थापा बस्नेत वित्त व्यवस्थापन विभाग, विकास बैंक सुपरिवेक्षण विभागका लुमाकान्त भट्टराई, शिवप्रसाद घिमिरे, राजु पौडेल, ढुण्डीराज मिश्र वित्तीय संस्था सुपरिवेक्षण विभाग, बैंक सुपरिवेक्षण विभागका पिताम्बर पोखरेल सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, वित्तीय जानकारी इकाईका मेदनीप्रसाद पोखरेल आर्थिक अनुसन्धान विभागमा सरुवा हुनुभएको छ ।

यसै गरी, वित्त कम्पनी सुपरिवेक्षण विभागका अरुणकुमार साह र रञ्जना शर्मा वित्तीय संस्था सुपरिवेक्षण विभाग, आर्थिक अनुसन्धान विभागका विन्ती श्रेष्ठ र बैंक सुपरिवेक्षण विभागका गेदा पंगेनी बैंकिङ विभाग, विकास बैंक सुपरिवेक्षण विभागका मीना कुँवर (कालिकोटे) आन्तरिक लेखापरीक्षण विभाग र बद्रीनाथ नेपाल मुद्रा व्यवस्थापन विभाग, बैंक सुपरिवेक्षण विभागका केशवप्रसाद रिमाल वित्तीय जानकारी इकाई, वित्त व्यवस्थापन विभागका राजनप्रसाद अधिकारी विदेशी विनिमय व्यवस्थापन विभाग र आन्तरिक लेखापरीक्षण विभागका बृहत श्रेष्ठलाई बैंक तथा वित्तीय संस्था नियमन विभागमा सरुवा गरिएको छ ।

यसै गरी, बैंकिङ विभागका प्रमेश पोखरेल लघुवित्त संस्था सुपरिवेक्षण विभाग, वित्त व्यवस्थापन विभागका सुशील बिजुक्षे सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, बैंकिङ विभागका डा. सञ्जयप्रसाद मिश्र आर्थिक अनुसन्धान विभाग (कामकाज), विदेशी विनिमय व्यवस्थापन विभागका माधवप्रसाद अधिकारी र सचिनराज पिया क्रमशः सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग (कामकाज) र गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग, वित्त कम्पनी सुपरिवेक्षण विभागका कमलबहादुर तामाङ गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग, बैंकिङ विभागका जयनारायण प्रधान आर्थिक अनुसन्धान विभाग (कामकाज), आर्थिक अनुसन्धान विभागका बाबुराम

कोइराला आन्तरिक लेखापरीक्षण विभाग (कामकाज), मुद्रा व्यवस्थापन विभागका बबी केसी बैंक सुपरिवेक्षण विभाग, बैंकिङ विभागका अम्बिका नेपाल मुद्रा व्यवस्थापन विभाग (कामकाज) र मौद्रिक व्यवस्थापन विभाग (कामकाज) का रमेशप्रसाद पराजुली बैंक सुपरिवेक्षण विभागमा सरुवा हुनुभएको छ ।

यसै गरी, जनशक्ति व्यवस्थापन विभागले हालै उप-निर्देशक पदमा बढुवा हुनुभएका १५ जना अधिकृतको पदस्थापन गरेको छ । जसअनुसार, इमबहादुर क्षेत्री संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभाग, अच्युतकुमार थापा जनकपुर कार्यालय, लेखनाथ दाहाल लघुवित्त संस्था सुपरिवेक्षण विभाग, छविलाल घिमिरे वित्त व्यवस्थापन विभाग, रविन्द्र भट्टराई टक्सार महाशाखा, रविप्रकाश मजगैया बैंकिङ विभाग, मेघनाथ तिमिल्सिना सूचना प्रविधि विभाग, राजनप्रसाद रेग्मी बैंक सुपरिवेक्षण विभाग, हरिश्चन्द्र ढकाल वित्तीय संस्था सुपरिवेक्षण विभाग (कामकाज), कुवेर थापा बैंकिङ विभाग, हेमराज अधिकारी कानुन महाशाखा (कामकाज), विष्णुप्रसाद फँयाल लघुवित्त संस्था सुपरिवेक्षण विभाग, राजेश घिमिरे वित्त व्यवस्थापन विभाग (कामकाज), झकेन्द्रबहादुर शाही बैंकिङ विभाग (कामकाज) र जितेन्द्रनाथ झा टक्सार महाशाखा (कामकाज) मा पदस्थापन हुनुभएको छ ।

माघ २८ को निर्णयअनुसार विभिन्न विभाग/कार्यालयका ४२ जना सहायक निर्देशकहरूको सरुवा तथा पदस्थापन भएको छ । जसअनुसार वित्त कम्पनी सुपरिवेक्षण विभागका घनश्याम फुलारा र बुद्धिकृष्ण डङ्गोल र अपिल सुवेदी वित्तीय संस्था सुपरिवेक्षण विभाग, वित्त व्यवस्थापन विभागका पुरुषोत्तम खतिवडा लघुवित्त संस्था सुपरिवेक्षण विभाग, आन्तरिक लेखापरीक्षण विभागका मेघप्रसाद लामिछाने बैंकर्स प्रशिक्षण केन्द्र, गभर्नरको कार्यालयका विष्णुदत्त पाण्डेय गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग, बैंकर्स प्रशिक्षण केन्द्रका हरिगोविन्द महर्जन बैंकिङ विभाग, वित्त व्यवस्थापन विभागका राजु श्रेष्ठ लघुवित्त संस्था सुपरिवेक्षण विभाग, आन्तरिक लेखापरीक्षण विभागका सुदीपकुमार न्यौपाने संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभाग, वित्त कम्पनी सुपरिवेक्षण विभागका भरतदेव पाण्डेय मुद्रा व्यवस्थापन विभाग, विकास बैंक सुपरिवेक्षण विभागका सङ्गीता सिलवाल कानुन महाशाखा, टक्सार महाशाखाका सुन्दर खड्का वित्तीय संस्था सुपरिवेक्षण विभाग, बैंक तथा वित्तीय संस्था नियमन विभागका विष्णुप्रसाद नराल र झङ्कनाथ ढकाल क्रमशः बैंकिङ विभाग र आन्तरिक लेखापरीक्षण विभाग, बैंकिङ विभागका ईश्वरी लुइटेल संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभाग, वित्त कम्पनी सुपरिवेक्षण विभागका बालकुमार थापा वित्त व्यवस्थापन विभाग, सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका सुशीलकुमार दास संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागमा सरुवा हुनुभएको छ ।

यसै गरी, बैंक सुपरिवेक्षण विभागका पोष्टराज निरौला र विकास बैंक सुपरिवेक्षण विभागका मुकेसप्रसाद साह बैंकिङ विभाग, सिद्धार्थनगर कार्यालयका पुष्कर खनाल बैंक तथा वित्तीय संस्था नियमन विभाग, विकास बैंक सुपरिवेक्षण विभागका कृष्ण सिग्देल र रमेश सारु वित्तीय संस्था सुपरिवेक्षण विभाग, जनशक्ति व्यवस्थापन विभागका ममिता गुरुङ स्वार बैंक सुपरिवेक्षण विभाग, विकास बैंक सुपरिवेक्षण विभागका सञ्जेबकुमार राई वित्त व्यवस्थापन विभाग, बैंकिङ विभागका सन्तोष वस्ती बैंक तथा वित्तीय संस्था नियमन विभाग, वित्त व्यवस्थापन विभागका रमेश अर्याल बैंक सुपरिवेक्षण विभाग, विकास बैंक सुपरिवेक्षण विभागका विवेकआनन्द रौनियार सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, बैंकिङ विभागका सफल श्रेष्ठ गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग र आर्थिक अनुसन्धान विभागका प्रतिमा अधिकारी गभर्नरको कार्यालयमा सरुवा हुनुभएको छ ।

यसै गरी, हालै सहायक निर्देशक पदमा बढुवा हुनुभएका ११ जना कर्मचारीको विभिन्न विभाग/कार्यालयमा पदस्थापन भएको छ । जसअनुसार उत्तम गुणी वित्तीय संस्था सुपरिवेक्षण विभाग, सविन ओली विराटनगर कार्यालय, अमितकुमार तिमल्सिना बैंकर्स प्रशिक्षण केन्द्र, सुनिल अधिकारी विराटनगर कार्यालय, महेशदत्त भट्ट गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग, देवराज ज्ञवाली सिद्धार्थनगर कार्यालय, कमलप्रसाद न्यौपाने आन्तरिक लेखापरीक्षण विभाग, तिलकबहादुर थिङ वित्तीय संस्था सुपरिवेक्षण विभाग, निर्मला दाहाल सिद्धार्थनगर कार्यालय, दिनेशप्रसाद साह वीरगञ्ज कार्यालय र अर्चना आचार्य वित्तीय जानकारी इकाईमा पदस्थापन हुनुभएको छ ।

यसै गरी, माघ २८ कै निर्णयअनुसार विभिन्न विभाग/कार्यालयका सहायकस्तरका ११ जना कर्मचारीको सरुवा भएको छ । जसअनुसार वित्त कम्पनी सुपरिवेक्षण विभागका प्रधान सहायकद्वय चुडामणि पोखरेल र कृष्णप्रसाद खराल वित्तीय संस्था सुपरिवेक्षण विभाग, विकास बैंक सुपरिवेक्षण विभागका शारदा लोहनी गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग, वित्त कम्पनी सुपरिवेक्षण विभागका सहायकहरू मधु पुडासैनी र रीता ढोडारी तथा विकास बैंक सुपरिवेक्षण विभागका विष्णु रेग्मी र सुस्मिता अर्याल बैंकिङ विभाग, विकास बैंक सुपरिवेक्षण विभागका कार्यालय सहयोगी तृतीय दशरथ नगरकोटी (पहारी) गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग, विकास बैंक सुपरिवेक्षण विभागका कार्यालय सहयोगी तृतीय जगतमाया महर्जन र शैलु जोशीको वित्तीय संस्था सुपरिवेक्षण विभागमा सरुवा भएको छ ।

*प्रकाशक*
**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**
सूचना तथा सञ्चार समन्वय महाशाखा
बालुवाटार, काठमाडौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०
इमेल : samachar@nrb.org.np, वेबसाइट : www.nrb.org.np

*सम्पादक*
**डा. भागवत आचार्य**

*सम्पादन सहयोगी*
सृजना क्षेत्री
लालकुमार सुवेदी
नवीना ताम्राकार